# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## सभापोखरी गाउँपालिका
## संखुवासभा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१**

पत्र संख्याः २०७८।७९

च.नं.**३९५** मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

**कैफियतसहितको राय**

हामीले सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.८२ लाख **५५** हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने रू.**१५** लाख **९०** हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.**५** लाख **२६** हजार, नियमित गर्नुपर्ने रू.४२ लाख **६३** हजार र पेश्की रु.**१८** लाख **७६** हजार रहेको छ । गाउँपालिकाको गत वर्षको रु.**५** करोड **२६** लाख **९३** हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.**५** करोड **९२** लाख **३१** हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## सभापोखरी गाउँपालिका, संखुवासभा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | २८ | ८२५५ | ० | ० | ० | ६१ | २८ | ८२५५ | १५९० | ४२६३ | ५२६ | ० | ० | ४७८९ | १८७६ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | ५२६९३ | ० | १७१७ | ५०९७६ | ० | ८२५५ | ५९२३१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सभापोखरी गाउँपालिका, संखुवासभा , सभापोखरी गाउँपालिका , संखुवासभा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | मान बहादुर बराल | २०७८-१०-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि किरण बस्नेत | २०७६-९-३ | |
| | | **बेरुजु रकम** | ८,२५५,०६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,०१,६६,८९३.२५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५,२८,२३,००० | चालु खर्च | १७,७९,७०,३७१.४ |
| प्रदेश सरकारबाट अनुदान | १,८५,९४,००० | पूँजीगत खर्च | १४,४०,२४,०५६ |
| राजश्व बाँडफाँट | ० | वित्तीय/अन्य व्यवस्था | २,६४,३८,३३४ |
| आन्तरिक आय | ४,९०,३७,०९५.९९ | | |
| अन्य आय | ३,२१,३२,४०६.२२ | | |
| कुल आय | ३५,२५,८६,५०२.२१ | कुल खर्च | ३४,८४,३२,७६१.४ |
| बाँकी मौज्दात | | ११,४३,२०,६३४.०६ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु लिखित प्रतिनिधित्वपत्र तथा आन्तरीक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। उल्लेखित कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख पदाधिकारीहरुसँग २०७८।५।३० मा छलफल सम्पन्न र सुपरिवेक्षकको सुझाव समेत सम्बोधन गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन्:<br>परिचय स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। प्रदेश नम्बर १ मा अवस्थित यस पालिका अन्तर्गत ६ वडा, सभा सदस्य ३३ जना, २२२.०८ व.कि.मी. क्षेत्रफलर११७६ जनसंख्या रहेको छ।<br>**असुलीः** यस पालिकाको लेखापरीक्षणको क्रममा विभिन्न शीर्षकबाट रु. ३७,६६२।- दाखिला भएको छ। | |
| २ | | | **वित्तीय विवरण**<br>गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। गाउँपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रु. ३,११,०२,७४७।– सुत्र सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ। गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ११,२१,५३,८१०.२५ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. ११,०१,६६,८९३.२५ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १९,८६,९१७।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ। फरक परेको रकम सम्बन्धमा प्रकोप व्यवस्थापन कोषको बैङ्क बाँकी रु. १०,३३,५०५।- र विविध कोष रु. ८,५३,४१२।- समेत रु. १८,८६,९१७।- को सुत्र सफ्टवेयरमा समावेश नभएको कारणले जनाएको कार्यालयको प्रतिक्रिया रहेको छ। धरौटीतर्फको रु. ८,२३,७००।- बाँकी रहेकोमा जिम्मेवारी सार्दा SuTRA सफ्टवेयरमा रु. ७,२३,७००।- मा उल्लेख भएबाट समेत रु. १०,०००।- फरक परेको देखिन्छ। साथै, SuTRA सफ्टवेयर अनुसार गत वर्षको वर्षान्तको रकम रु. ११,४०,६०,८४८.२५ रहेकोमा यस वर्ष रु. ११,०१,६६,८९३.२५ रहेकोमा रु. ३८,९३,९५५।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ। सफ्टवेयरले वर्षान्तको बाँकी रकम बराबर नै जिम्मेवारी सार्नुपर्नेमा फरक अंक जिम्मेवारी सारेको देखिँदा SuTRA सफ्टवेयरको शुद्धता यकिन गर्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बैङ्क हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान विबरण तयार गरेको छ। कार्यालयले पेश गरेको विवरण देहाय बमोजिम रहेको छ। | |

| क्र.सं. | कोष/खाता | श्रेस्ता अनुसारको मौज्दात | बैङ्क अनुसारको मौज्दात |
|---|---|---|---|
| १. | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० |
| २. | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ३. | ग १.३ आन्तरिक अनुदान खाता | ० | ० |
| ४. | ग २.२ चालु खर्च खाता | ० | ० |
| ५. | ग २.४ पुँजिगत खर्च खाता | ० | ० |
| ६. | ग २.७ विविध खर्च खाता | १५४९५५२ | १५४९५५२ |
| ७. | ग ३.१ स्थानिय तह धरौटी खाता | १५५९०९१ | १५५९०९१ |
| ८. | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ६७८८३१४९.८४ | ६७८८३१४९.८४ |
| ९. ` | ग ५.१ स्थानिय तह विविध कोष खाता | ८८६१०० | ८८६१०० |
| १०. | ग ७.२ प्रकोप व्यवस्थापन खाता | २४२३०२९.२२ | २४२३०२९.२२ |
| | **जम्मा** | **७४३००९२२.०६** | **७४३००९२२.०६** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। • एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(च) अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐन अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको। • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन। • तलबी प्रतिवेदन पारीत गरेको पाईएन। • प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को २० को नियम ९४ बमोजिम कार्यालयले आफ्नो उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमको मूल्याङ्कन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था गरेको पाइएन। • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। • वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना र फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>जिन्सी निरीक्षण<br>कार्यालयको खर्च भएर जाने सामानको भौतिक परीक्षण गरिएका ५ वटा सामानको मौज्दात देहाए बमोजिम देखियो।तर जिन्सी रजिष्ट्ररको अभिलेखमा उल्लेखित सामानको शून्य मौज्दात रहेको छ। जिन्सी रजिष्टररको अभिलेखमा सबै जसो सामानको शून्य मौज्दात देखिने गरि अभिलेखिकरण भएकाले सो सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ।<br><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>संख्या</th></tr><tr><td>१</td><td>फोटोकपी पेपर</td><td>६ वक्स १ रिम</td></tr><tr><td>२</td><td>रजिष्टर</td><td>५३ थान</td></tr><tr><td>३</td><td>पाइलट पेन</td><td>६० थान (वटा)</td></tr><tr><td>४</td><td>खाम ठुलो</td><td>१८५ थान</td></tr><tr><td>५</td><td>नगदि रसिद</td><td>६ थान</td></tr></table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कार्यक्रमगत खाता<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) र (३) मा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी वार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ। स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्वारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन। कार्यक्रमगत खाता राखेमा कार्यक्रमको वार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत यकिन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा २०७७।३।१० मा रु. ४२ करोड ५४ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। ऐनले तोकेको अवधिमा अख्तियारी दिने व्यवस्था कार्यान्वयन हुनुपर्दछ। | |
| ९ | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। तर, साविकको आर्थिक कार्यविधि नियमावलीको नियम २३ अनुसार चौमासिक रुपमा प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था बमोजिम कार्यालयले प्रयोगमा ल्याएको SuTRA सफ्टवेयर प्रणाली अनुसार पुँजीगत खर्चको विवरण अनुसार प्रथम चौमासिकमा ६.७५ प्रतिशत दोस्रोमा २३.७० प्रतिशत र तेस्रो चौमासिकमा ६९.५५ प्रतिशत खर्चको गरेको छ। नियमावलीको व्यवस्था अनुसार त्रैमासिक प्रगति विवरण बनाई कार्यलक्ष्य अनुसार खर्च गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७,१०,४६,६३३.४० | ५,५४,२२,४१४.४० | १७.२२ |
| सामाजिक क्षेत्र | १५,२२,२३,०५२ | ११,८१,३७,३२२ | ३६.६८ |
| पूर्वाधार विकास क्षेत्र | १६,३१,८८,९६७ | ९,८०,८३,७९५ | ३०.४६ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ३८,२८,००० | २३,२१,७६१ | ०.७२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७८,११,०२४१ | ४८,०२९,१३५ | १४.९२ |
| **जम्मा** | **४६८३९६८९३.४** | **३२१९९४४२७.४०** | **१००** |

आर्थिक विकासतर्फ १७.२२ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ३६.६८ प्रतिशत, पुर्वधार विकास क्षेत्रतर्फ ३०.४६ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ०.७२ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १४.९२ प्रतिशतले न्यून खर्च गरेको छ। बजेटमा विनियोजित रकम खर्च गर्ने क्षमता अभिबृद्धि गरी तोकिएको लक्ष्य हाँसिल गर्नेतर्फ ध्यान दिनु पर्दछ।


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसवर्ष कुल आन्तिरक आय र गत आर्थिक वर्षको बैङ्क नगदबाट रु. ११,२४,६२,०६२.२५ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३१,७४,३७,५८८.९९ समेत रु. ४२,९८,९९,६५१.२४ आम्दानी भएकोमा चालुतर्फ रु १७,७९,७०,३७१.४० र पुँजीगततर्फ रु. १४४०२४०५६।- र वित्तीय व्यवस्थातर्फ शून्य समेत रु. ३२,१९,९४,४२७.४० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रु. ५०,७८,०००।- खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.०६ प्रतिशत चालु र ४५.३७ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवर | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाखभन्दा कमको योजना | ७४ | ४९१७००० |
| २ | रु. एक लाखएक देखि पाँच लाख सम्मका योजना | ११२ | ३२५७९००० |
| ३ | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | ३० | २३४२९५७२ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २८ | ५४२३७९९२.१५ |
| | **जम्मा** | **२४४** | **११५१५३५६४.१५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न भनि तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। सुशासन ऐन, २०६४ एवं नियमावली, २०६५ सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ बमोजिम प्रशासनले पालना गर्नुपर्ने वित्तीय जवाफदेहिता बहन गर्नुपर्दछ। कार्यालयले पूर्ण जवाफदेहिताको लागि वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनको लागि प्रयास गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **जिन्सी लगत र संरक्षण**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ बमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन। | |
| १५ | | | **खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिएबमोजिम खरिद गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। | |
| १६ | | | **परामर्शदाता**<br>सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ। सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ। कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न २ परामर्शदातालाई रु. १९,९२,४५१।- भुक्तानी गरेको छ। कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ। स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २८ जना पदपूर्ती भएको देखिन्छ। प्राप्त विवरण अनुसार २७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदा रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| १८ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्बेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। दफा ८३(८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ। गाउँपालिकाले ससर्तबाट तलब खाने २६, जना गाउँपालिका स्रोततर्फका २९ जना समेत ५५ कर्मचारी करारमा नियुक्त गरेको छ। गाउँपालिका स्रोततर्फ यो वर्ष रु. ७९,०७,७४९।- र सशर्ततर्फ रु. ९७,९६,१४६।- तलब खर्च लेखेकोले ऐनको व्यवस्था अनुसार हुनु पर्दछ। | |
| १९ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६१ र यो वर्ष थप भएको १२ समेत कुल ७३ विवाद दर्ता भएकोमा ३३ वटा मात्र फछ्र्यौट भई ४० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **स्वकीय सचिव र सल्लाहकार**<br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) दफा ३ को (३)मा नगरपालिका/गाउँपालिकाको हकमा प्रमुख र उपप्रमुखले नगर/गाउँ पालिकाको राजश्व र आन्तरिक आय एवं कार्यलयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एक जना कर्मचारीलाई निज सचिवको रुपमा राख्ने व्यवस्था रहेको छ। तर गाउँ प्रमुखको निजि सचिवका रुपमा नासु स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री पृथ्वी नारायण राईलाई नियुक्त गरी मासिक रु. २८,२००।- का दरले रु. ३,६६,६००।- भुक्तानी गरेको छ। नगर/गाउँ पालिकाको राजश्व र आन्तरिक आय एवं कार्यलयको कार्य बोझको विश्लेषण वेगर नियुक्ति गर्दा चालु खर्चमा बढोत्तरी भएको छ। | |
| २१ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ९,६८,७३९।- खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| २२ | | | **इन्धन खर्चको मापदण्ड**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। उल्लेखित व्यवस्थाको पालना गर्न इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु. ५,७७,७७९।- खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| २३ | | | **आर्थिक सहायता**<br>सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ। आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको तोक आदेश अनुसार विभिन्न कार्यक्रमबाट आर्थिक सहायता स्वरुप रु. ५,७२,५००।- र अन्य संस्था सहायतामा रु. ४,४१,२००। र मृत्यु सदगद खर्च रु. ३,५४,०००।- समेत रु. १३,६७,७००।- भूक्तानी गरेको छ। यस्तो खर्च लेख्न मापदण्ड तयार गरेको छैन। आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सीमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| २४ | | | **अनुदान फिर्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहायबमोजिम प्राप्त अनुदान खर्च नभई बाँकी रहेकोमा उक्त रकम असार मसान्तमा संघीय र प्रदेश संचित कोषमा फिर्ता दाखिला गरेको देखियो। कार्यालयले सो रकम असार मसान्तमा फिर्ता गरेको भौचर पेश गरेता पनि म.ले.प.फा. नं. २७२ मा रु. ४,००,२२,०७४।- बैङ्क कारोवारमा भिन्नता देखाएको छ। रकम फिर्ता गरेतापनि सुत्र सफ्टवेयरले सो रकम देखाएको कार्यालयले जनाएको छ। यस सम्बन्धमा यकिन हुनुपर्ने देखिन्छ। | |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १३८३२३००० | ११४४८०६०० | २३८४२४०० |
| | विषेश | १५०००००० | ४९१६१४० | १००८३८६० |
| | समपुरक | ८८००००० | ५७४३०८० | ३०५६९२० |
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | शसर्त | १५७२००० | १४७१२९३ | १००७०७ |
| | विषेश | ०.०० | ०.०० | ०.०० |
| | समपुरक | १०००००००० | ७०६१८१३ | २९३८१८७ |
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **१७३६९५०००** | **१३३६७२९२६** | **४००२२०७४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. १४,५०,०००।- तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदानमा रु. ६,५०,०००।- र अन्य गरी रु. ८,००,०००।- खर्च लेखेका छन। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २६ | | | **व्यवसाय कर**<br>प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई असूल गरी उल्लेख छ। तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन। | |
| २७ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| २८ | | | **अभिलेख**<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कर अनुमान र संकलन**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरी एकमुस्ट आय रु. १,०३,०६,२६०।- लाख प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु ३०१६५०७। (२९.२६प्रतिशत) मात्र संकलन भएको देखिन्छ। वास्तविक आय संकलन घटी देखिएबाट आयको अनुमान भरपर्दो देखिएन। आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ। | |
| ३० | | | **राजस्व अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन। | |
| ३१ | | | **रकम ढिला दाखिला गर्ने**<br>आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| ३२ | | | **रसिद नियन्त्रण खाता**<br>यस गाउँपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचा नगदी रसिद नियन्त्रण खाता ( म.ले.प. फा. नं. ९०४ साविक १०८) तयार नगरेकोले सो खाताले गत वर्षको नगदी रसिदको ठेली आम्दानी, खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन।रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **कानुन र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि, ८ निर्देशिका र २ नर्म्स गरी ५३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। | |
| ३४ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ३५ | | | **एजविल्ट नक्सा पेश नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा उपरोक्त बमोजिम भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **मर्मत सम्भार कोष**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। साथै कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजनामा सम्भारका लागि कोषमा रकम व्यवस्था गरेको पाइएन। निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषमा रकम जम्मा गरिनुपर्दछ। | |
| ३७ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत लेखाँकनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बीलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बीलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकमसमेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बील अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताव नराखीदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ। | |
| ३८ | | | **लागत सहभागिता धरौटी**<br>उपभोक्ता मार्फत सम्पन्न गरिने योजनाहरुमा कार्यालयले विभिन्न उपभोक्ताहरुसँग गरिएको सम्झौता फारममा योजनाको भुक्तानी दिँदा १० प्रतिशत धरौटी वापत कार्यालयमा राखिनेछ।सो धरौटी रकम उपभोक्ता समितिले आफ्नो खाता लेखा परीक्षण गराइ प्रतिवेदन पेश गरेपछि धरौटी फिर्ता गरिनेछ भनी उल्लेख छ।साथै उपभोक्ता तथा लाग्राही समूहले व्यहोरिने योजनाको ५ देखि ३० प्रतिशत रकम (लागत अनुमान अनुसार) अग्रीम बैङ्क दाखिला गरेपछि योजना सम्झौता हुने भनी गरिएको सम्झौतामा कुनै पनि योजनामा सो बुँदा सम्झौताको पालना गरको पाइएन।यसर्थ कार्यालयले सम्झौता गरेका हरेक शर्तको पालना गर्नेतर्फ ध्यान जानु पर्दछ। | |
| ३९ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्। | |

| **भौ.नं.र मिति** | **निर्माण व्यवसायी** | **उपभोक्ता समिति** | **रकम** |
| --- | --- | --- | --- |
| ७/२०७७।६।१८ | सभापोखरी निर्माण सेवा | मजुवा फाकुवा मोटरबाटो निर्माण उपभोक्ता समिति | ५२०८१७ |
| ३१/२०७७।८।२४ | एस वि कन्स्ट्रक्सन | पिखुवा अलैचे मोटरबाटो मर्मत निर्माण उपभोक्ता समिति | ६६०२२७ |
| ४२/२०७७।९।२२ | मनकामना निर्माण सेवा | अलैचे फुकाम मोटरबाटो निर्माण सेवा | १७११३९८ |
| ४८/२०७७।९।२४ | बनपाला कन्स्ट्रक्सन प्रालि | कोक्तासिँग आपुग ट्र्याक ओपन उपभोक्ता समिति | ११६३२४९ |
| ९१/०७७।११।१९ | खडग एण्ड चक्रमणि प्रालि | बन्दुके मोटरबाटो उपभोक्ता समिति | ६०९७८७९२४ |
| १२१/०७७।१२।६ | जय बंगलामुखी निर्माण सेवा | खेवारिँग जिरो प्वाइन्ट देखि चन्द्रहाँग चौतारासम्म | ७७५०६६ |
| १५१/०७८।१।६ | कान्छो हाँग्मा कन्स्ट्रक्सन | तार्मिँग जनसेवा स्कुल हुँदै बास्तलासम्म मोटरबाटो | ११९६७४३ |
| १६१/०७८।१।१७ | नेपाल कन्स्ट्रक्सन प्रालि | हिन्छीगाउँ माघेनी मोटरबाटो उपभोक्ता समिति | ११२६११० |
| २६०/०७८।३।२२ | नेपाल कन्स्ट्रक्सन प्रालि | मंजुवा सिकदिम मोटरबाटो मर्मत उपभोक्ता समिति | १४३००८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४० | | | **बहाल करमा कर कट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८८५ (क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा १.५ प्रतिशतले कर कट्टी गर्ने व्यवस्था छ। यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा १.५ | ७९१,५६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिशत मात्र स्रोतमा कर कट्टी गरेको छ। डोजर भाडामा लगाउने निर्माण व्यवसायी सवारी साधन भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्बन्धित मेसिन उपकरणको स्वामित्व सम्वन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडाको रकम भुक्तानी लिएको पाइएकोले प्रमाण पेश हुनपर्ने रु. | |

| **भौ.नं./मिति** | | **उपभोक्ता समिति** | **पार्टीको नाम** | **स्थायी लेखा नम्बर** | **विल रकम** | **८.५% भाडा** |
|---|---|---|---|---|---|---|
| **पुँजीगत** | ७/०७७/६/१८ | मजुवा फाकुवा मोटरबाटो निर्माण उपभोक्ता समिति | सभापोखरी निर्माण सेवा | ६१३२२०१३४ | ५२०८१७ | ४४२६९ |
| | ३१/०७७/८/२४ | पिखुवा अलैचे मोटरबाटो मर्मत निर्माण उपभोक्ता समिति | एस वि कन्स्ट्रक्सन | ६०६३६५७६७ | ६६०२२७ | ५६११९ |
| | ४२/०७७/९/२२ | अलैचे फुकाम मोटरबाटो निर्माण सेवा | मनकामना निर्माण सेवा | ६१४०५३३६४ | १७११३९८ | १४५४६९ |
| | ४८/०७७/९/२४ | कोक्तासिँग आपुग ट्र्याक ओपन उपभोक्ता समिति | बनपाला कन्स्ट्रक्सन प्रालि | | ११६३२४९ | ९८८७६ |
| | ९१/०७७/११/१९ | बन्दुके मोटरबाटो उपभोक्ता समिति | खडग एण्ड चक्रमणि प्रालि | ६०९७८७९२४ | ७२८८०६ | ६१९४९ |
| | १२१/०७७/१२/६ | खेवारिँग जिरो प्वाइन्ट देखि चन्द्रहाँग चौतारासम्म सडक मर्मत | जय बंगलामुखी निर्माण सेवा | ६००८८३६१६ | ७७५०६६ | ६५८८१ |
| | १५१/०७८/१/६ | तामिँग जनसेवा स्कुल हुँदै बास्तलासम्म मोटरबाटो | कान्छो हाँग्मा कन्स्ट्रक्सन | ६०९२८६६७२ | ११९६७४३ | १०१७२३ |
| | १६१/०७८/१/१७ | हिन्छीगाउँ माघेनी मोटरबाटो उपभोक्ता समिति | नेपाल कन्स्ट्रक्सन प्रालि | ६०६८६५१०६ | ११२६११० | ९५७१९ |
| | २६०/०७८/३/२२ | मंजुवा सिकदिम मोटरबाटो मर्मत उपभोक्ता समिति | नेपाल कन्स्ट्रक्सन प्रालि | ६०६८६५१०६ | १४३००८५ | १२१५५७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** **७९१५६३** | |
| ४१ | | | **नन्फाइलर** | २५६,३३४ |

मूल्य अभिवृद्धि कर ऐन, 2052 को दफा 18 मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको 25 गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मूल्य अभिबृद्धि कर रु. २,५६,३३४।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं./मिति | उपभोक्ता समिति | पार्टीको नाम | स्थायी लेखा नम्बर | विल रकम | १३ प्रतिशत |
|---|---|---|---|---|---|
| १२१/ ०७७/१२/६ | खेवारिँग जिरो प्वाइन्ट देखि चन्द्रहाँग चौतारासम्म सडक मर्मत | जय बंगलामुखी निर्माण सेवा | ६००८८३६१६ | ७७५०६६ | १००७५८ |
| १५१/ ०७८/१/६ | तामिँग जनसेवा स्कुल हुँदै बास्तलासम्म मोटरबाटो | कान्छो हाँग्मा कन्स्ट्रक्सन | ६०९२८६६७२ | ११९६७४३ | १५५५७६ |
| | | | **जम्मा** | **१९७१८०९** | **२५६३३४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** | |

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र. सं. | विद्यालयको नाम | तह | दरबन्दी संख्या | | तहगत रुपमा जम्मा दरबन्दी | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत | राहत | | | |
| १ | जनज्योती मा.वि. धुपु | उ.मा.वि. | २ | | २ | २ | ५४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मा.वि | ६ | | ६ | १ | | | |
| | | | | | | नि.मा वि. | ४ | | ४ | | | | |
| | | | | | | प्रा.वि. | ७ | | ७ | | | | |
| | | | | २ | कालीका आ.वि लेब्राङ | प्रा.वि. | ४ | | ४ | | १०७ | | |
| | | | | ३ | जनता आ.वि तल्लो धुपु | प्रा.वि. | ३ | | ३ | | ७७ | | |
| | | | | ४ | जनजागृती आ.वि. माथिल्लो धुपु | प्रा.वि. | ३ | | ३ | | ७६ | | |
| | | | | ५ | मंगलादेवी आ.वि. गोठगाउँ | प्रा.वि. | २ | | २ | | ३४ | | |
| | | | | ६ | पञ्चज्योती आ.वि. हुत्तिखिम | प्रा.वि. | २ | १ | ३ | १ | ५६ | | |
| | | | | ७ | जालपा आ.वि. हरेलो | प्रा.वि. | १ | | १ | | १३ | | |
| | | | | ८ | सिंहेश्वरी आ.वि ज्यामिरे | प्रा.वि. | ३ | | ३ | | ५३ | | |
| | | | | ९ | शारदा आ.वि. वितलब | नि.मा वि. | | ३ | ३ | ३ | १०७ | | |
| | | | | | | प्रा.वि. | ५ | | ५ | | | | |
| | | | | १० | कैलाश मा.वि. पावा | नि.मा वि. | | २ | २ | २ | १६९ | | |
| | | | | | | प्रा.वि. | ५ | | ५ | १ | | | |
| | | | | ११ | सिद्धार्थ आ.वि. इथुम्बु | प्रा.वि. | १ | | १ | १ | ७ | | |


https://nams.oag.gov.np

